# देवघाट गाउँपालिका

## तनहुँ जिल्ला, गण्डकी प्रदेश

# देवघाट गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

**खण्डः २ संख्याः ८ मितिः २०७५/०६/०१**

## भाग – २

## देवघाट गाउँपालिका

# देवघाट गाउँपालिकाको संघ संस्था परिचालन नियमावली, २०७५

# देवघाट गाउँपालिकाको संघ संस्था परिचालन नियमावली, २०७५

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १५ अनुसार गाउँपालिकाले गाउँपालिकामा विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी कार्य गर्दा गाउँपालिका क्षेत्र भित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघ संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रबर्द्धनलाई प्रोत्साहन गर्नको लागी संघ संस्था परिचालन कार्यलाई व्यवस्थित गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३ अनुसार देवघाट गाउँ कार्यपालिकाको मितिः २०७५।०६।०१ को २७ औं वैठकले यो नियमावली बनाएको छ ।

## परिच्छेद – १

१. **संक्षिप्त नाम र प्रारम्भः**– १) यस नियमावलीको नाम “देवघाट गाउँपालिकाको संघ संस्था परिचालन नियमावली – २०७५” रहेको छ ।
   २) यो नियमावली देवघाट गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,
   क) “गाउँपालिका” भन्नाले देवघाट गाउँपालिका भन्ने बुझ्नुपर्छ ।
   ख) “कार्यालय” भन्नाले देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भन्ने बुझ्नुपर्छ ।
   ग) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बुझ्नुपर्छ ।
   घ) “संघसंस्था” भन्नाले गाउँपालिकामा सूचिकृत प्रयोजनको लागी नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित गैर सरकारी संस्था, टोल विकास संस्था, सहभागितामूलक उपभोक्ता समूह, सहकारी संस्था कृषि तथा पशु पंक्षि, उद्यम व्यवसाय तथा उत्पादन संग सम्वधित समुह समेत भन्ने बुझ्नुपर्छ ।
   ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले देवघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने बुझ्नुपर्छ ।

## परिच्छेद–२
## नियमावलीको उद्देश्य, संघ संस्था सुचिकृत तथा नविकरण सम्बन्धी व्यवस्था

३. **नियमावलीको उद्देश्यः** १. यस नियमावलीको उद्देश्य देहाय बमोजिम रहेको छः–
   क) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १५ अनुसार गाउँपालिकाले गाउँपालिकामा विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी कार्य गर्दा गाउँपालिका क्षेत्र भित्रका उपभोक्ता, निजी

क्षेत्र, सामुदायिक संघ संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रबर्द्धनलाई प्रोत्साहन गर्ने ।

ख) गाउँपालिकामा संघ संस्था परिचालन कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउने ।

ग) दीगो विकासका लागि स्थानीय स्तरमा समन्वय र समझदारी कायम गर्दै सहभागितात्मक योजना तर्जुमा गर्न सहयोग गर्ने ।

घ) देवघाट गाउँपालिका क्षेत्रमा रहेका विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी पूर्वाधार विकास, सामाजिक, आर्थिक क्षेत्रको विकास, सरसफाई तथा वातावरण र विपद व्यवस्थापनका लागि सचेतना अभिवृद्धि गर्न मद्दत गर्ने ।

ङ) श्रोत साधन परिचालनलाई प्रभावकारी वनाउने ।

च) काम कारवाहीलाई एकरुपता कायम गर्ने ।

छ) लगत सहभागितामा श्रोत परिचालन गरी सिमित श्रोतवाट अधिकतम उपलब्धि हाँसिल गर्ने ।

४. **संघ संस्था सुचिकृतः** १) देहायका "संघसंस्था " गाउँपालिकामा सुचिकृत हुनु पर्नेछ ।

क) प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित गैर सरकारी संस्था,

ख) टोल विकास संस्था,

ग) सहभागितामूलक उपभोक्ता समूह,

घ) सहकारी संस्था

ङ) कृषि तथा पशु पंक्षि ,संग सम्वधित संघ संस्था, समुह,

च) उद्यम व्यवसाय तथा उत्पादन संग सम्वधित संघ संस्था, समुह ।

२) उल्लेखित संघ संस्थालाई संघ संस्थाको रुपमा गाउँपालिकामा दर्ता गरेको नभई परिचालनको लागी गाउँपालिकामा सूचिकृत भएको मानिनेछ ।

३) उल्लेखित संघ संस्था गाउँपालिकामा सुचिकृत भए पनि प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता हुनु पर्ने भएमा सो निकायमा दर्ता हुनु सम्बन्धित संघसंस्थाको नै दायित्व हुनेछ ।

५. **संघ संस्था सुचिकृत गर्दा पेश गर्नु पर्ने कागजातः** १. गाउँपालिकामा संघ संस्था सूचिकृत हुनको लागी देहाय अनुसारका कागजात पेश गर्नु पर्नेछ ।

क) प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको भए सो को प्रमाण पत्र,,

ख) प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता नभएको भए संचालक समितिको निर्णाय ,

ग) एक प्रति विधान,

घ) संस्थाको लेटर प्याडमा निवेदन पत्र ।

## परिच्छेद —३
## सुचिकृत भएका संघ संस्था परिचालन सम्बन्धी व्यवस्था

६. संघ संस्थाले आफ्नो कार्यक्रम तथा योजना गाउँपालिकामा पेश गर्दा आफुले गर्ने काम, कार्यस्थल र प्रवाह गर्ने रकम, कार्य संचालन हुने अवधि, मुख्य खुल्ने गरी समन्वयात्मक ढंगले कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

७. संघ संस्थाले कार्यक्रम वा योजना सञ्चालन गर्दा गाउँपालिकावाट प्राथमिकरणमा परेका र सहभागीतामूलक तवरवाट छनौट भई आएका कार्यक्रम वा योजना संचालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

८. गाउँपालिका क्षेत्र भित्र कार्यक्रम तथा योजना संचालन गर्न चाहने संघ संस्थाले गाउँपालिकामा सुचिकृत हुनु पर्नेछ । संचालन गर्न खोजेको कार्यक्रमको लागी लिखित स्विकृति लिनु पर्नेछ ।

९. संघ संस्थाले गरेको कार्य प्रगति बारे चौमासिक र बार्षिक रुपमा गाउँपालिकामा प्रगति समीक्षा गराउनु पर्नेछ ।

१०. संघ संस्थाले प्रचलित कानून बमोजिम संस्थाको सूचिकृत, दर्ता, नविकरण, आयव्यय तथा लेखाको अद्यावधिक विवरण राखेको र लेखा परीक्षण गराएको हनु पर्नेछ ।

११. संघ संस्थाले लागत सहभागितामा सचालन हुने गरी गाउँपालिकामा कार्यक्रम प्रस्ताव पेश गर्दा देहाय अनुसारका कागजात पेश गर्नु पर्नेछ ।

१) प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको भए सो को प्रमाण पत्र,,

२) प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता नभएको भए संचालक समितिको निर्णाय ,

३) गाउँपालिकामा सूचिकृत भएको प्रमाण पत्र,

४) योजना तथा कार्यक्रमको प्रस्तावः योजना तथा कार्यक्रमको प्रस्तावमा न्यूनतम पनि देहायका विवरण खुलेको हुनु पर्नेछ ।

क) योजना तथा कार्यक्रमको उद्धेश्य,

ख) योजना तथा कार्यक्रम संचालन प्रक्रिया,

ग) योजना तथा कार्यक्रम संचालन स्थल,

घ) योजना तथा कार्यक्रम शुरु र सम्पन्न गर्ने समय,

ङ) लाभान्वित वर्ग र संख्या,

च) संस्थाको लगानी रकम र गाउँपालिकावाट अपेक्षा गरेको रकम । तर संस्थाको लगानी रकम न्यूनतम पन्ध्र प्रतिशत हुनु पर्नेछ ।

१२. गाउँपालिकामा उपलब्ध श्रोतको अवस्था अनुसार गैर सरकारी संस्थाले पेश गरेको प्रस्ताव स्विकृत वा अस्विकृत गर्न वा थप घट सहित स्विकृत गर्न सक्नेछ ।

१३. टोल विकास संस्था सम्बन्धी विशेष व्यवस्थाः टोल विकास संस्थाका उद्देश्य न्यूनतम पनि देहाय बमोजिम हुनु पर्नेछ ।

क) यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनु पर्नेछ । यो संस्था कुनै राजनैतिक वा साम्प्रदायिक क्रियाकलापमा संलग्न हुनु हुने छैन ।

ख) महिला तथा बाल अधिकार संरक्षण गर्ने ।

ग) महिला, आदिवासी, जनजाति तथा दलित सशक्तिकरण गर्ने ।

घ) सेवा सुविधाबाट बञ्चित वर्गको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक विकास ।

ङ) टोल क्षेत्रका जनशक्तिको परिचालन गरि गाउँपालिकाबाट तोकीएबमोजिम सहभागितामूलक योजना कार्यक्रम संचालन गरी सहयोग गर्ने ।

च) किशोर किशोरीहरुलाई जीवन उपयोगी सीपको विकास गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने ।

छ) Bottom Up Approach को अवधारणा विकास गर्ने ।
ज) विकास प्रक्रियामा सेवा श्रोतबाट बञ्चित वर्गलाई समावेशीताका लागि प्रेरित गर्ने ।
झ) ग्रामीण क्षेत्रमा द्वन्द्वको प्रभाव बारे अनुसन्धान कार्य एवं परियोजना संचालन गर्ने । द्वन्द्व पीडित बालबालिकाहरुलाई सेवा तथा सुविधा उपलब्ध गर्नमा सहयोग गर्ने ।
ञ) शिक्षाको स्तरमा प्रभावकारिता ल्याउन विद्यालयहरुलाई विभिन्न प्रकारका सहयोग गर्ने ।
ट) अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रमहरु संचालन गर्ने ।
ठ) बाल पोषण तथा सुरक्षित मातृत्व सम्बन्धी प्रचार प्रसार गर्ने ।
ड) युवा स्वरोजगार सम्वन्धी कार्यक्रम संचालन गर्ने ।
ढ) पूर्ण सरसफाइ, बालमैत्री,वातावरणमैत्री टोल बनाउने ।
ण) दिगो विकासको लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी चेतनामुलक, आयमुलक, सीपमूलक तालिमहरु स्थानिय प्रशासनको स्वीकृतीमा सञ्चालन गर्ने ।
त) बालबालिका र महिला बेचविखन विरुद्ध अभियान संचालन गर्ने ।
थ) लागूऔषध ओसारपसार जस्ता क्रियाकलाप विरुद्ध अभियान संचालन गर्ने ।
द) विभिन्न प्रकारका विपद्मा परेका व्यक्ति तथा समुदायका लागि सहयोग गर्ने ।
ध) विपद् जोखिम न्यूनिकरणका लागि चेतनामुलक क्रियाकलाप गर्ने ।
न) सीमान्तकृत वर्गको उत्थानका लागि सहकारीतामा अभिप्ररित गर्ने ।
ऩ) सामाजिक न्याय सम्बन्धी कार्य गर्ने ।
प) मानव संशाधन विकास तथा सामुदायिक क्षमता विकासका लागि क्षमता अभिवृद्धि सम्बन्धी तालिम संचालन गर्ने ।
फ) विकास निर्माणका कार्यहरुमा गाउँपालिकालाई सहयोग गर्ने ।
ब) गाउँपालिकाले संचालन गर्ने टोल विकास संस्था क्षमता अभिबृद्धि कार्यक्रममा सहभागी हुने ।
भ) नेपाल सरकार, प्रदेश सरकार,स्थानीय सरकारलाई सहयोग गर्ने र नीति निर्देशनको पालना

## परिच्छेद–४
## विविध

१४. **सम्पर्क शाखाः**– कार्यालयको संघ संस्था परिचालन कार्यको सम्पर्क शाखाको रुपमा ...................................... ईकाइले कार्य गर्नेछ ।

१५. **निर्देशिका, मापदण्ड बनाउन सक्नेः** १. यस नियमावली कार्यान्वयनको क्रममा आवश्यकता अनुसार निर्देशिका, मापदण्ड बनाउन सकिनेछ ।

१६. **बचाउः** १) यस अघि संघ संस्था सम्बन्धमा भए गरेका काम कारवाही यसै नियमावली अनुसार भएको मानिनेछ ।

<u>आज्ञाले</u>
**रमेश सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**